**February 2nd, 2025 Sunday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

1. दिल्ली विधानसभा चुनावको प्रचारका लागि एक दिन मात्र बाँकी, राजनीतिक दलका शीर्ष नेताहरु प्रचारप्रसारमा व्यस्त
2. भारत र इन्डोनेसियाबीचको सम्बन्ध भूराजनीतिक मात्र नभएर हजारौं वर्ष पुरानो रहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
3. आज विश्व सिमसार दिवस
4. संस्कृति मन्त्रालय र आकाशवाणीसितको सहकार्यमा विशेष शास्त्रीय संगीत कार्यक्रम 'हरकण्ठ मे भारत' सुरु
5. अनि भारतले लगातार दोस्रो पटक ICC U-19 **महिला टी–२०** विश्वकपको उपाधि जित्न सफल

**अब समाचार विस्तारमा**

1. Delhi Election

दिल्ली विधानसभा चुनावको प्रचारप्रसारका लागि अब एक दिन मात्रै बाँकी छ । सबै राजनीतिक दलले मतदातालाई आकर्षित गर्ने प्रयास गरिरहेका छन् । आम आदमी पार्टी, भारतीय जनता पार्टी र कांग्रेस पार्टीले आ–आफ्ना उम्मेदवारलाई समर्थन जुटाउने प्रयासमा एकपछि अर्को र्‍याली र रोड शो गरिरहेका छन् । भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज दिउँसो दिल्लीको एउटा जनसभालाई सम्बोधन गर्नुभयो। र्‍यालीका क्रममा प्रधानमन्त्रीले आम आदमी पार्टी निराशाबाट ग्रसित भएको आरोप लगाउनुभयो। यसैबीच, आम आदमी पार्टीका संयोजक श्री अरविन्द केजरीवालले मुख्य निर्वाचन आयुक्तलाई एउटा पत्र लेखेर नयाँ दिल्ली विधानसभा क्षेत्रका भाजपा कार्यकर्ताहरूले आफ्नो पार्टीका मानिसहरूलाई डर, धम्की र उत्पीडन गरिरहेको दाबी गर्नुभएको छ। कांग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खर्गे, पार्टीका वरिष्ठ नेता श्री राहुल गान्धी र प्रियंका गान्धीले पनि राष्ट्रिय राजधानीमा र्‍याली गरिरहेको समाचार प्राप्त भएको छ। 70 सदस्यीय दिल्ली विधानसभा चुनावको लागि बुधवार, फेब्रुअरी 5 मा मतदान हुनेछ भने मतगणना 8 तारिक हुनेछ।

2. PM – Mahakumbhabhisegam

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारत र इन्डोनेसियाबीचको सम्बन्ध भूराजनीतिक मात्र नभएर हजारौं वर्ष पुरानो रहेको बताउनुभएको छ । इन्डोनेसियाको राजधानी जकार्तामा श्री सनातन धर्म अलयमको महाकुम्भविषेगमलाई सम्बोधन गर्दै श्री मोदीले दुवै देश सांस्कृतिक, सभ्यता र आध्यात्मिक रूपमा जोडिएको बताउनुभयो।

3. SC – Mahakumbha

सर्वोच्च अदालतले महाकुम्भमा सहभागी हुने भक्तजनको सुरक्षाका लागि विशेष दिशानिर्देश र नियम लागू गर्न माग गर्दै भोलि सुनुवाइ गर्ने भएको छ । गत बुधबार महाकुम्भमा भएको भागदौडमा कम्तीमा ३० जनाको मृत्यु भएको थियो भने ६० जना घाइते भएका थिए । सर्वोच्च अदालतको वेबसाइटमा जारी गरिएको सूचीमा प्रधानन्यायाधीश श्री सञ्जीव खन्ना र न्यायाधीश श्री सञ्जय कुमारको इजलासले यससँग सम्बन्धित जनहित याचिकाको सुनुवाइ गर्ने बताइएको छ। निवेदनमा भागदौडका घटना रोक्न र संविधानको धारा २१ अन्तर्गत समानता र जीवनको मौलिक हकको संरक्षण गर्न माग गरिएको छ।

4. Samudrayan – Mission

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले भारतको महत्वाकांक्षी समुद्रयान मिशनका लागि ६०० करोड रुपैयाँको विनियोजन गर्नुभएको छ। यो विनियोजनले समुद्रयान मिशन अन्तर्गत महासागर अन्वेषणको लागि विशेष डिजाइन गरिएको पनडुब्बीहरूमा वैज्ञानिकहरू पठाउने कार्यक्रमलाई गति दिनेछ।

5. GST

यस वर्षको जनवरी महिनामा वस्तु तथा सेवा कर-जीएसटीको रूपमा कुल १ लाख ९५ हजार करोड रुपैयाँभन्दा बढी राजस्व प्राप्त भएको छ। यो जनवरी २०२४ को तुलनामा १२.३ प्रतिशत बढी हो। यस वर्षको जनवरीमा केन्द्रीय वस्तु तथा सेवा कर सङ्कलन ३६ हजार ७७ करोड र राज्य वस्तु तथा सेवा कर ४४ हजार ९४२ करोड रुपैयाँ रहेको छ ।

6. Gujarat - Accident

गुजरातको डाङ जिल्लामा आज बिहान तीर्थयात्री बोकेको निजी बस गहिरो खोंचमा खस्दा दुई महिला र तीन पुरुषसहित पाँच जनाको मृत्यु भएको छ । गम्भीर घाइते १७ जनालाई अस्पतालमा भर्ना गरिएको छ । ४८ तीर्थयात्री बोकेको बस ३५ फिट गहिरो खोंचमा खसेको थियो । बस महाराष्ट्रको त्रिमाब केशवीरबाट तीर्थयात्रीहरूलाई गुजरातको द्वारका लैजाँदै थियो। ती तीर्थयात्रीहरू मध्य प्रदेशको गुना, शिवपुरी र अशोक नगर जिल्लाका थिए।

7. Wetland Day

आज विश्व सिमसार दिवस हो । सन् १९७१ मा वातावरणविद्हरूले सिमसार क्षेत्रको संरक्षणका लागि आह्वान गरेपछि यसको सुरुवात भएको थियो। यस वर्षको सिमसार दिवसको नारा **साझा भविष्यका लागि सिमसारको संरक्षण** रहेको छ । सिमसार क्षेत्रबाट भावी पुस्ताले लाभ लिनका लागि यस्ता प्राकृतिक बासस्थानको संरक्षण आवश्यक रहेको वातावरणविद्हरू बताउँछन् ।

8. Akshvavi Har Kantha Me Bharat

संस्कृति मन्त्रालयले आकाशवाणीसँगको सहकार्यमा आज नयाँ दिल्लीको आकाशवाणी भवनमा विशेष शास्त्रीय संगीत कार्यक्रम 'हरकण्ठ मे भारत' सुरु गरेको छ। यो कार्यक्रम फेब्रुअरी १६ सम्म हरेक दिन बिहान ९:३० देखि १०:३० बजेसम्म आकाशवाणीका २१ वटा केन्द्रबाट प्रत्यक्ष प्रशारण हुनेछ । संस्कृति मन्त्रालयका सचिव श्री अरुणिश चावला र प्रसार भारतीका प्रमुख कार्यकारी अधिकृत श्री गौरव द्विवेदीले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। यस अवसरमा आकाशवाणी रेडियोका महानिर्देशक प्रज्ञा पालीवाल गौर पनि उपस्थित हुनुहुन्थ्यो। आकाशवाणीसँगको विशेष कुराकानीमा संस्कृति मन्त्रालयका सचिव श्री अरुणिश चावलाले यस कार्यक्रमले युवा कलाकारहरूलाई हरेक कुनामा आफ्नो प्रतिभा प्रदर्शन गर्न मञ्च प्रदान गर्ने बताउनुभयो।

9. Sports News

अब खेल समाचार।

भारतले लगातार दोस्रो पटक ICC U-19 **महिला टी–२०** क्रिकेट विश्वकपको उपाधि जितेको छ । क्वालालम्पुरमा आज भएको फाइनलमा भारतले दक्षिण अफ्रिकालाई ९ विकेटले पराजित गरेको हो । **पुरुष टी-20** क्रिकेटमा भारत र इंग्ल्याण्डबीच श्रिंखलाको पाँचौं तथा अन्तिम खेल आज साँझ मुम्बईमा हुँदैछ । खेल भारतीय समय अनुसार साँझ ७ बजे सुरु हुने बताइएको छ । टी–२० सिरिजपछि दुई टोलीबीच तीन एकदिवसीय खेल पनि हुनेछ । अर्कोतर्फ झारखण्डको जमशेदपुरमा जारी इन्डियन सुपर लिग **फुटबल प्रतियोगितामा** आज जमशेदपुर एफसीले एफसी गोवासँग प्रतिस्पर्धा गर्दैछ । खेल बेलुका ७:३० बजे सुरु हुने बताइएको छ । उत्तराखण्डमा भएको **राष्ट्रिय खेलकुदमा** भारोत्तोलनमा पुरुषतर्फ १०२ केजी तौल समूहमा महाराष्ट्रका वैशाव शाहजी ठाकुरले नयाँ राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक जितेका छन् । सुटिङमा मध्य प्रदेशकी आशि चौकसेले महिला ५० मिटर राइफल थ्री पोजिसनमा नयाँ राष्ट्रिय कीर्तिमान बनाएर स्वर्ण पदक जितेकी छन् ।

हाल पदक तालिकामा सर्भिसेस पहिलो, कर्नाटक दोस्रो र महाराष्ट्र तेस्रो स्थानमा छ।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. दिल्ली विधानसभा चुनावको प्रचारका लागि एक दिन मात्र बाँकी, राजनीतिक दलका शीर्ष नेताहरु प्रचारप्रसारमा व्यस्त
2. भारत र इन्डोनेसियाबीचको सम्बन्ध भूराजनीतिक मात्र नभएर हजारौं वर्ष पुरानो रहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीको भनाइ
3. आज विश्व सिमसार दिवस
4. संस्कृति मन्त्रालय र आकाशवाणीसितको सहकार्यमा विशेष शास्त्रीय संगीत कार्यक्रम 'हरकण्ठ मे भारत' सुरु
5. अनि भारतले लगातार दोस्रो पटक ICC U-19 **महिला टी–२०** विश्वकपको उपाधि जित्न सफल

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।